# भरतपुर महानगरपालिका
## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
### (बैठक सङ्ख्याः १२३, बैठक मितिः २०८३।०४।२८ गते विहिबार, दिनको १:०० बजे)

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १२२औं कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | मिति २०८३।०३।२९ मा बसेको १२२औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाइयो । |
| २. | आ.व.२०८३/८४ को राजश्व लक्ष्य निर्धारण सम्बन्धमा । | राजश्व व्यवस्थापन महाशाखाले आर्थिक वर्ष २०८३/८४ को राजश्व लक्ष्य प्रासिका लागि पेश गरेको प्रस्ताव अनुसार नगर कार्यपालिका तथा वडा कार्यालयहरूबाट संकलन हुने राजश्वको लक्ष्य अनुसूची—१ बमोजिम निर्धारण गर्ने। |
| ३. | आ.व. २०८३/८४ को नगर दररेट अनुमोदन सम्बन्धमा । | भरतपुर महानगरपालि नगर दररेट निर्धारण समितिबाट स्विकृत भएको आ.व. २०८३/८४ को नगर दररेट अनुमोदन गर्ने । |
| ४. | निर्माण कार्यको दर विश्लेषणको लागि मानकहरु(Norms) स्वीकृत गर्ने सम्बन्धमा । | आ.व. २०८३/८४ को वार्षिक नगर विकास योजना अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्न सडक सँग सम्बन्धित योजना/कार्यक्रमको हकमा सडक विभागबाट जारी भएका मानकहरु (Norms) र भवन निर्माण सम्बन्धी योजना कार्यक्रमको हकमा भवन विभाग (DUDBC) बाट जारी भएका मानकहरु (Norms) प्रयोग गर्ने । |
| ५. | शिक्षा सम्बन्धी कानून संशोधनका लागि सैद्धान्तिक सहमति दिने सम्बन्धमा । | शिक्षा ऐन लगायत शिक्षा सम्बन्धी कानूनहरुमा भएका संशोधनहरुलाई व्यवस्थित तथा परिमार्जन गरी एकरुपता कायम गर्न भरतपुर महानगरपालिका अन्तर्गत शिक्षा सम्बन्धी कानूनहरु संशोधनका लागि मस्यौदा तयार गर्न शैक्षिक प्रशासन महाशाखालाई सैद्धान्तिक सहमति दिने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२३, बैठक मितिः २०८३।०४।२८ गते विहिबार, दिनको १:०० बजे)

| | | |
|---|---|---|
| ६. | भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, चितवनलाई जग्गा भोगचलन गर्न दिने सम्बन्धमा । | भरतपुर महानगरपालिकाको नाममा रहेको साबिक भरतपुर ३/ग कि.नं. २४३५ को ३ बिघा क्षेत्रफलको दक्षिण तर्फ(वडा कार्यालय नजिक) बाट ०-१-५(एक कठ्ठा पाँच धुर) जग्गा वडा नं.९ तथा छिमेकी वडाहरुमा विशुद्ध रुपमा खानेपानी विस्तार गर्न ओभरहेड टयाङ्की सहित आवश्यक खानेपानी संरचना निर्माण गर्न भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, चितवन लाई भोगचलन गर्न दिने । |
| ७. | असाधारण विदा सम्बन्धमा । | जनस्वास्थ्य निरिक्षक, रेशम पौडेल(क.सं.नं. २०५५९७) को मिति २०८२/०७/०१ देखि २०८३ असोज मसान्त सम्म १(एक) वर्षको असाधारण विदा स्वीकृत गर्ने । |
| ८. | कृषि अधिकृत प्रकाश न्यौपाने जैसीको राजिनामा स्वीकृत सम्बन्धमा । | कृषि अधिकृत, प्रकाश न्यौपाने जैसीको मिति २०८३/०४/०१ गते बाट लागू हुने गरी राजिनामा स्वीकृत गर्ने । |
| ९. | आ.व.२०८३/८४ को बजेट बक्तव्य अनुसारको तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा । | आ.व.२०८३/८४ को बजेट बक्तव्य अनुसार आर्थिक प्रशासन महाशाखाबाट पेश भएको तलबी प्रतिवेदन पारित गर्ने । |
| १०. | विविध । | |
| क. | हेल्पिङ्ग हेण्ड सोसाईटीलाई स्वास्थ्य सामाग्री सहयोगको लागि अनुरोध गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आवश्यक रहेका स्वास्थ्य सामाग्री उपब्ध गराई सहयोग गरिदिन हेल्पिङ्ग हेण्ड सोसाईटीलाई अनुरोध गर्ने । |
| ख. | करारोपण सम्बन्धमा । | भरतपुर महानगरपालिकाको १९औं नगर सभाबाट आफ्नो क्षेत्राधिकार बाहेकका कुनै पनी क्षेत्रमा करारोपण नगरेको स्वघोषणा गरियो । |

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
### (बैठक सङ्ख्याः १२३, बैठक मितिः २०८३।०४।२८ गते विहिबार, दिनको १:०० बजे)

<table>
<tr>
<td>ग.</td>
<td>स्वमूल्याङ्कन समन्वय समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा ।</td>
<td>स्वमूल्याङ्न समन्वय समितिले पेश गरेको आ.व. २०८२/८३को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन बमोजिम प्राप्त अङ्क र सुझावहरु बारे जानकारी भयो । प्राप्त अङ्क तथा सुझावहरु ७ दिन भित्र विषयगत समितिमा छलफल गरी पृष्ठपोषण सहित आगामि कार्यपालिकामा पेश गर्ने ।<br><br>देहायः-<br><br>
<table>
<tr><th>क्षेत्र</th><th>कूल अंकभार</th><th>दाबी गरिएको प्राप्ताङ्क</th></tr>
<tr><td>सुशासन तथा संस्थागत विकास</td><td>४०</td><td>२९.१</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२०</td><td>१७.२</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२०</td><td>१७.४</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१०</td><td>८.६</td></tr>
<tr><td>वन वातावरण तथा विपद् व्यवस्थापन</td><td>१०</td><td>७.४</td></tr>
<tr><td>जम्मा</td><td>१००</td><td>७९.७</td></tr>
</table>
<br>स्वमूल्याङ्न समन्वय समितिबाट प्राप्त सुझावहरु<br><br>
१. वैकल्पिक उर्जा सम्बन्धी बजेट वातावरण शाखाबाट कार्यान्वयन हुने गरी विनियोजन गर्नुपर्ने ।<br>
२. आन्तरिक नियन्त्रण प्रणाली तुरुन्त जारी गर्नुपर्ने ।<br>
३. सेवा प्रवाह मापदण्ड (SOP) लागू गर्नुपर्ने ।<br>
४. नगरस्तरीय योजना छनोट गर्दा समेत टोल वस्तिमा भेला गरी गर्नुपर्ने ।<br>
५. आवधिक योजना तुरुन्त अद्यावधिक सहित पारित गरी लागू गर्नुपर्ने ।<br>
६. योजना बैङ्कमार्फत योजना कार्यान्वयन गर्नुपर्ने ।<br>
७. जलवायु अनुकूलन योजना स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्ने ।</td>
</tr>
</table>

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२३, बैठक मितिः २०८३।०४।२८ गते विहिबार, दिनको १:०० बजे)

| | | |
|---|---|---|
| | | ८. सम्पन्न भएका सबै आयोजनाहरु सम्बन्धित तहमा हस्तान्तरण गर्नुपर्ने ।<br>९. एक वडा एक उत्पादन कार्यक्रम सुरु गर्नुपर्ने ।<br>१०. बायो इन्जिनियरिङ लागू गर्ने ।<br>११. युवालाई कृषि तथा पशुपंक्षी क्षेत्रको विकासमा **Start- up funding** वा सुलभ कर्जा प्रदान गर्ने ।<br>१२. आफ्नो क्षेत्राधिकार बाहिर गई करारोपण नगरेको र सो को विवरण कार्यपालिकाले प्रमाणित गर्नुपर्ने ।<br>१३. अघिल्लो आ.व.को तुलनामा प्रतिवर्ष १० प्रतिशत राजश्व संकलन वृद्धि गर्नुपर्ने भएकोले यथार्थपरक राजश्व अनुमान प्रक्षेपण गर्न राजश्व परामर्श समितिले निर्णय गर्नुपर्ने र सो विपरित निर्णय भएमा कार्यपालिकाले पून: सो समितिमा फिर्ता पठाउने ।<br>१४. वार्षिक बजेटमा विययक्षेत्र अनुसार विकासका प्राथिमिकता सांकेतीकरण गरिनुपर्ने ।<br>१५. आफू मातहतका विद्यालय वडा कार्यालय र स्वास्थ्य चौकीहरुको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने र सो उपर कार्यपालिकामा छलफल गरिनुपर्ने ।<br>१६. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने ।<br>१७. कम्तिमा ३ दिने कर्मचारी तालिम सञ्चालन गरी क्षमता विकास र वृत्ति विकासका अवसर प्रदान गर्नुपर्ने ।<br>१८. व्यवस्थापन परीक्षण गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्ने ।<br>१९. विभिन्न विषयगत समितिबाट प्राप्त भएका प्रतिवेदनहरु कार्यपालिकामा छलफल भई पारित हुनुपर्ने ।<br>२०. जिल्ला समन्वय समितिले गरेको अनुगमन प्रतिवेदनबाट प्राप्त सुझावहरु कार्यपालिकामा पेश भै छलफल गरेको ।<br>२१. अन्य छिमेकी जिल्ला वा स्थानीय तहसँग एम्बुलेन्स वा दमकल लगायतका विपद व्यवस्थापन कार्यमा समन्वय र सहकार्यलाई कार्यपालिकाबाटै अनुमोदन गर्नुपर्ने ।<br>२२. नगर उद्यम विकास समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा ६ पटक बस्ने व्यवस्था मिलाउनुपर्ने ।<br>२३. लैङ्गिक उत्तरदायी बजेट कोडको व्यवस्था हुनुपर्ने ।<br>व्यवसाय नवीकरणलाई तीव्रता दिनुपर्ने र सो को अभिलेखीकरण कार्यपालिकामा छलफल भइ हुनुपर्ने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२३, बैठक मितिः २०८३।०४।२८ गते विहिबार, दिनको १:०० बजे)

<table>
<tr>
<td>घ.</td>
<td>“घ” वर्ग निर्माण व्यवसायी ईजाजत सम्बन्धमा ।</td>
<td>भरतपुर महानगरपालिकाको “घ” बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यबिधि, २०७४ बमोजिम गठित सिफारिस समितिबाट पेशभए बमोजिम तपसिलका फर्म/कम्पनीहरुलाई नयाँ इजाजत तथा ठाउँसारी जारी गर्ने।<br>
तपसिल
<table>
<tr><th>क्र.स.</th><th>फर्मको नाम</th><th>ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>लिअन कन्सट्रक्सन प्रा.लि.</td><td>भ.म.न.पा. -५ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>२</td><td>जनता ग्रुपअफ इन्जिनियरीङ</td><td>भ.म.न.पा. -१० चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>३</td><td>इन्द्रेणि डिजाईन एण्ड इन्जिनियरिङ</td><td>भ.म.न.पा. -९ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>४</td><td>सम्बृध नेपाल इनर्जी प्रा.ली.</td><td>भ.म.न.पा. -११ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>५</td><td>राईजिङ नेपाल अटिमोबाईल इलेक्ट्रोनिक कन्सल्टेन्ट अलट्रेड एण्ड सप्लायर्स प्रा.लि</td><td>भ.म.न.पा. - ७ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>६</td><td>एभा कन्सट्रक्सन</td><td>भ.म.न.पा. -९ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>७</td><td>के.बि. कन्स्ट्रसन</td><td>भ.म.न.पा. -११ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>८</td><td>एक्सिस इन्जिनियरीङ कन्सल्टेन्सि</td><td>भ.म.न.पा. -९ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>९</td><td>आर.जि. कन्स्ट्रक्सन</td><td>भ.म.न.पा. -११ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>१०</td><td>रेसिडेन्ट इन्जिनियरिङ प्रा.लि.</td><td>भ.म.न.पा. -९ चितवन</td><td>नया दर्ता निबेदन</td></tr>
<tr><td>११</td><td>एम.एन.पि. इन्जिनियरीङ एसोसोएट्स प्रा.लि.</td><td>भ.म.न.पा. -४ चितवन</td><td>नयाँ दर्ता निबेदन</td></tr>
<tr><td>१२</td><td>एभरेष्ट सप्लायर्स एण्ड विल्डर्स प्रा.लि.</td><td>भ.म.न.पा. -१२, चितवन</td><td>ठाउँसारी</td></tr>
</table>
</td>
</tr>
</table>